


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा
# सामाजिक परिवार

| अंक - १७ | फागुन २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## आधारभूत मानवअधिकार तथा यसको अनुगमनसम्बन्धी तालिम

यही फागुन १९ गतेदेखि २१ गतेसम्म सिरहाको लहानमा आधारभूत मानवअधिकार तथा यसको अनुगमनसम्बन्धी तालिम सम्पन्न भयो । सिरहा, सप्तरी, उदयपुर र धनुषामा कार्यरत समग्रका कर्मचारी तथा स्वयम्सेवकहरूको मानवअधिकारसम्बन्धी क्षमता




अभिवृद्धि गराउन आयोजना गरिएको तालिममा ७ जना महिलासहित २५ जना सहभागी थिए । तालिममा मानवअधिकार र शान्ति शिक्षा, मानवअधिकारका विश्वव्यापी मापदण्डहरू, विश्वव्यापी आधारभूत व्यवस्थाहरू, यससम्बन्धी राष्ट्रिय व्यवस्थाहरू, मानवअधिकार सहजीकरणका सिद्धान्तहरू, यसको उल्लङ्घन, ज्यादती, अपराधबीच भिन्नता, यसका आधारहरू, मानवअधिकार अनुगमन, यसका सीमा/विषयवस्तु, मानवअधिकार अनुगमनका सिद्धान्तहरू, मानवअधिकार अनुगमनका चरणहरू र प्रतिवेदन लेखन आदि विषयहरूमा स्रोत व्यक्तिका रूपमा मिलन श्रेष्ठले तालिमका सहभागीहरूलाई प्रशिक्षण दिनुभयो । सहभागीमध्ये धनुषाकी गीता राउतले यस तालिमबाट मानवअधिकार भनेको के हो ? हाम्रा लागि कानुनले दिएका हक-अधिकारहरू के-के रहेछन् ? भन्नेबारेमा छर्लङ्ग भयो भन्दै यसबाट आत्मविश्वास बढेको छ जसले गर्दा सामाजिक परिवार तहमा गएर यसबारे जानकारी गराउनेछु भन्ने धारणा राखिन् । यस्तै उदयपुरका उत्प्रेरक जंगबहादुर तामाङ र जिल्ला सामाजिक परिवार सप्तरीका सचिव अनिरुद्रप्रसाद मण्डलले- यो तालिमबाट स्थानीय तहमा मानवअधिकार अनुगमन गर्न र मानवअधिकार संस्कृतिको विकास गर्न आफूहरू सक्षम भएको बताउनुभयो ।

यसपछि फागुन २६ गतेदेखि २८ गतेसम्म लमजुङको बेंसीसहरमा आधारभूत मानवअधिकार तथा मानवअधिकार अनुगमनसम्बन्धी तीनदिने तालिम सम्पन्न भयो । सो तालिममा गोरखा, धादिङ र लमजुङबाट समग्रका कर्मचारी र स्वयम्सेवक गरी २५ जनाको सहभागिता थियो । जसमा महिला १९ जना थिए । तालिममा मानवअधिकारसम्बन्धी लाहानमा सञ्चालन गरिएका सबै विषयवस्तुका साथै मानवअधिकार रक्षक र मानवअधिकार अनुगमन निकायहरू, मानवअधिकार र सूचना सञ्चारका व्यावहारिक पक्ष, प्रतिवेदन लेखन, मानवअधिकार वकालत तथा अनुगमनका बारेमा साझा सवाल आदि जस्ता विषयमा स्रोत व्यक्ति मिलन श्रेष्ठले सहभागीहरूलाई सैद्धान्तिक तथा व्यावहारिक पक्षका बारेमा प्रशिक्षण दिनुभयो । सहभागीहरूलाई लमजुङका स्थानीय विकास अधिकारी उत्तम नागिलाले प्रमाण-पत्र वितरण गर्नुका साथै यस तालिमले गाउँघरमा हुने



मानवअधिकार उल्लङ्घन हुन नदिन सघाउनुहोला भन्ने

प्रेरणा दिनुभयो । साथै समग्रका महासचिव दुर्गादत्त घिमिरेले सहभागीहरूलाई आफ्नो कार्यक्षेत्रमा गएर अत्यन्त शिष्ट र मर्यादित रूपमा तालिममा सिकेका विषयवस्तुलाई व्यवहारमा लागू गर्न सल्लाह दिनुभयो ।

## क्षेत्रीय समीक्षा गोष्ठी :

पञ्चवर्षे तयनीतिक कार्ययोजनाअनुसार दोस्रो वर्षमा सञ्चालन भइरहेको सिमान्तकृत मानिसहरूको सशक्तीकरण अभियानको समीक्षा गर्न यही फागुन ६ र ७ गते सिरहाको लहानमा तथा फागुन १३ र १४ गते गोरखा बजारमा क्षेत्रीय समीक्षा गोष्ठी सम्पन्न भयो ।

लहानमा सञ्चालन भएको गोष्ठीमा सिरहा, सप्तरी, उदयपुर, धनुषा र महोत्तरीका वरिष्ठ उत्प्रेरक, उत्प्रेरक, स्वयम्सेवक क्षेत्रीय संयोजक तथा समग्रका साधारण सदस्य, केन्द्रीय कार्यालयका वरिष्ठ कर्मचारी गरी ३१ जना सहभागीमध्ये महिला १० जना थिए । यस्तै गोरखा बजारमा सम्पन्न गोष्ठीमा गोरखा, धादिङ र लमजुङका वरिष्ठ उत्प्रेरक, उत्प्रेरक, स्वयम्सेवक, क्षेत्रीय संयोजक तथा समग्रका साधारण सदस्य, केन्द्रीय कार्यालयका वरिष्ठ कर्मचारीसहित महिला १८ र पुरुष १० जना गरी जम्मा २८ जनाको सहभागिता थियो ।

दुवै गोष्ठीमा २०६७ साउन १ देखि पुस मसान्तसम्मको कार्यक्षेत्र स्तरमा भए गरेका कामहरूको समीक्षा, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरूको व्यवस्थापन, सामाजिक परिवारहरूको संस्थागत विकासको अवस्था, स्वयम्सेवकहरूको परिचालन, प्रगति प्रतिवेदन तयारी




र असार मसान्तसम्मको कार्ययोजनालगायत सञ्चालन हुने क्रियाकलापहरूको पुनरावलोकनका विषयहरूमा अन्तरक्रिया तथा खुल्ला छलफल भएको थियो ।

## सामाजिक परिवारहरूले मनाए नारी दिवस :

१०१औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ र लमजुङका अधिकांश सामाजिक परिवारहरूले विभिन्न कार्यक्रम गरेका थिए ।

सिरहा जिल्लाको सीतापुर, कचनारी, सिसवनी तथा लहानका सामाजिक परिवारहरूले शिक्षा, तालिम र विज्ञानप्रविधिमा समान पहुँच, लैङ्गिक विभेदको अन्त्य, समान सहभागिताको सुनिश्चितता भन्ने नारासहित लहानमा र्‍याली गरे । बडहरामालको मनकामना साप, दलित विकास साप, कमलामाई साप, हिमाल सापलगायतका सदस्यहरूले बडहरामालका गाउँ-गाउँबाट जुलुस निकाली 'महिलाहरूको अधिकार सुनिश्चित गर' भन्ने नाराका साथ गाविस परिक्रमा गरी गाविस भवनअगाडि कोणसभा गरे । साथै धनुषाको गोदार गाविसमा घरेलु हिंसासम्बन्धी वक्तृत्वकला प्रतियोगिताको आयोजना गरे ।

उदयपुरको हडियामा जनजागरण साप, दलित एकीकृत साप, मुनाल सापका सदस्यहरूले 'महिलाविरुद्धका हिंसाको अन्त्य गरी स्वच्छ समाजको निर्माण गरौं' भन्ने मूल नाराका साथ र्‍याली गरी कार्यक्रम विसर्जन गरे । यस सन्दर्भमा जागरण सापकी कुमारी परियारले महिलामाथि छुवाछुत, बोक्सीलगायतका आरोपको अन्त्य र दलित महिलाहरूको पहुँच स्थापना गर्न महिला अधिकार हनन् हुन नदिन सबैलाई आग्रह गरिन्



। यस्तै गरी रिस्कुको सयपत्री साप, जनप्रिय साप र रिस्कु गाविसका १ देखि ९ वडाका महिलाहरूले 'छोराछोरी दुवै बराबरी, कचिया (कुचौ) होइन कलम लिऔं, दाइजो होइन शिक्षा लिऔं' भन्ने नारा लगाउँदै कार्यक्रम सम्पन्न गरे ।

सप्तरीको राजविराजमा समग्रलगायत विभिन्न संघसंस्था र पत्रकारसहितको जुलुसले महिला अधिकारका बारेमा जोड दियो । महालक्ष्मी साप पिप्रा पश्चिम, दादाजी साप डिमन, महावीर साप र सरस्वती सापका सदस्यहरूले श्रमिक महिलाका लागि जनचेतनाको कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । महोत्तरी, गोरखा, धादिङ र लमजुङका सापहरूले अन्तरक्रिया, र्‍याली, दोहोरी गीत प्रतियोगिता गरी नारी दिवस मनाए ।

## गुलामी गर्नु पर्दैन..............!

अनिरुद्रप्रसाद मण्डल खत्वे सप्तरी भँगाहा-४ को सबैया टोलमा बस्छन्, खत्वेहरू तराई दलितमा पर्छन् । उनको गाउँमा २०६३ साल भाद्र २२ गते आफ्नै नेतृत्वमा आदर्श दलित सामाजिक परिवार गठन गरे । '२६ घर सदस्य रहेको सामाजिक परिवारको आफ्नै परिपाटी छ । महिनामा एक पटक बैठक बस्नु, आफ्ना र गाउँघरका समस्याका बारेमा छलफल गर्नु, छलफलबाट निस्केका निचोडलाई निर्णय पुस्तिकामा लिपिबद्ध गर्नु, यसलाई व्यवहारमा कार्यान्वयन गराउनु, आदर्श सामाजिक परिवारका पदाधिकारीदेखि सदस्यहरूको कर्त्तव्य हुन आउँछ भन्छन्' -अनिरुद्र ।

सामाजिक परिवारको मुख्य उद्देश्य गाउँका मानिसहरूको दुःख-कष्ट र पीडा कम गराई सजिलो जीवन पद्धति बनाउनु र आफ्ना बालबालिकालाई पढाइ-लेखाइ गराउनु हो ।

सबैया टोलका बासिन्दा आज-भोलि ज्यादै मिलेर बसेको देख्दा वरपरका मानिसहरूलाई ईर्ष्या र खुसी दुवै लाग्दो रहेछ ।

अनिरूरुद्र मण्डल ४८ वर्षका भए पनि भर्खरका युवाझैं दौडधूप गर्न र जहाँ पुगे पनि आफ्नो गाउँको हित हुने काम खोज्ने गर्छन् ।

उनीसँग एकैछिन बस्दा लाग्छ यस्तै मान्छे सबै गाउँ-गाउँ र टोलटोलमा भए त उन्नति धेरै टाढा छैन् ।

यिनका दुई छोराबुहारी, चार नातिनातिना एक छोरी र श्रीमतीसहित दस जहानको सँगोलको परिवार छ । चुरेको दक्षिण फेदीमा रहेको यो गाउँमा अछुत र पानी नचल्ने जातका मान्छे भएर एघार-बाह्र पुस्ता बिते । 'खत्वेहरूको कुनै पुस्ता धनी र सम्पन्नमा गनिएको उनको जानकारीमा छैन रे, स-सानो कृषि पेसा भए पनि त्यतिले खान नपुगेपछि जङ्गलबाट दाउरा ल्याएर बेच्नु र अरूको मजदुरी गर्नु नै पुख्यौली पेसा भए पनि यिनले आफ्नै गाउँमा सानो औषधि पसल चलाएका छन् । केटाकेटीदेखि नै अरूले हेला गरेको, पर बस् भनी पन्छाएकोमा उनी सारै दुःखी हुन्थे रे, त्यतिखेर भनेको नमानी सुखै थिएन' -उनी सम्झन्छन् ।

यस्तो अवस्था फेर्न चाहन्थे उनी । तर, एक्लै र विपन्नताले गर्दा गर्न पाएनन् । जब उनले गाउँमा सामाजिक परिवार बनाएर सबै एक ठाउँमा भए, उनका कुरा गाउँलेले सुन्न थाले, उनको जोस कति हो



कति बढ्यो । उनी भन्छन्- 'त्यसपछि मानवअधिकारको तालिम लिएँ । यससम्बन्धी धेरै गोष्ठी सभा-सम्मेलनमा भाग लिएँ, दुई/चार कुरा बुझेँ अनि लागेँ यसैतर्फ ।

मानवअधिकार अभियानकर्ता भएपछि अनिरुद्रको हौसला सारै बढ्यो सप्तरीको सदरमुकाममा रहेका सरकारी कार्यालयहरू, संघसंस्था, जिविसको कार्यालयदेखि आफ्नै गाविसको कार्यालयमा पुगेर स्रोत जुटाए । छुवाछुतविरूद्धको अभियान चलाए, यसै सिलसिलामा गाविसबाट ३७ हजार स्रोत ल्याए, यसमध्ये १७ हजारको जनचेतनाको कार्यक्रम चलाए जसमा मानवअधिकारको जानकारी, छुवाछुतविरूद्ध अभियान, सरसफाइ, शिक्षालगायतका बारेमा विचार-गोष्ठी गरे । १० हजारको सीप विकास तालिम चलाए गाउँका महिलाहरूलाई । उनको सामाजिक परिवारमा महिला-पुरुष दुवै सदस्य छन् । भेदभाव छैन, विगत कस्तो थियो त छुवाछुतबारेमा भन्ने जिज्ञासामा उनको आफ्नो तीतो तर सत्य अनुभव सम्झन्छन् । पहिला-पहिला त हाम्रा लागि उच्च जातका मानिसहरूको घर त दिल्ली दरबार जस्तै थियो । भित्र पस्न नपाइने, भोज-भतेरमा छुट्टै र टाढा बस्नुपर्ने, पानी खाने कुवा छुट्टै र टाढा हाम्रो कुवामा सुक्खायाममा पानी सुक्थ्यो तर पानी चल्ने जातकोमा पानी हुन्थ्यो । हामीले भर्न पाउँदैनथ्यौं । उच्च जातका कसैलाई छुन नहुने छोएमा दण्ड लाग्थ्यो । उनीहरूका खेतीमा हामीले काम गर्नुपर्ने तर खाने बेलामा रूखा-सुखा दिने त्यो पनि टाढा राखेर आँगनको पल्लोछेउमा । अनि मजदुरी थोरै दिने, दुई

किलो धान त्यो पनि भुस बढी भएको । अब कस्तो छ त ? अब त धेरै सजिलो भयो । अरूसरह नै मान्छे भएर बाँच्न पाएका छौं । चिया दोकानमा चिया पिउँदा गिलास माझ्नु पर्दैन । विद्यालयमा हाम्रा बालबच्चाहरू सबै सँगै बसेर पढ्न पाएका छन् । छुट्टै बस्नु पर्दैन सामाजिक परिवारका माध्यमले धेरैसँग परिचित भयो, हाम्रो गाउँको, हामीले गाउँमा आठवटा ढिकी पम्प राखेका छौं । यो जिविस र अरू संघसंस्थाबाट ल्याएको हो । यस्तै खानेपानीको कल राखेका छौं । इनार मर्मत गराइयो । उनले स्रोत खोजी गर्दै गरेका र गोष्ठी सभामा भाग लिएका फेरस्ती नै बनाएका छन्, भने जिल्ला विकासबाट बाक्सा र अरू मसलन्दका सामान ल्याएर आफ्नो श्रेस्ता व्यवस्थित गरेका छन् । आयमूलक काम गरी आत्मनिर्भरताका बारेमा कोट्याउँदा उनी थप्छन्- '२६ घर सदस्य मिलेर प्रत्येक महिना प्रत्येक सदस्यबाट २० रुपियाँका दरले सङ्कलन गरेको कोष सामाजिक परिवारको ३० हजार पुग्यो । यो रकम बैंकमा खाता खोली जम्मा गरेका छौं । सदस्यमध्ये कसैलाई खरखाँचो परेमा सापटी दिने गरेका छौं । ब्याज आएको कोषमा जम्मा हुन्छ । सापटी लैजानेले समयमा नै फिर्ता गर्ने चलन छ', उनी सुनाउँछन् ।

सीप सिकेर महिलाहरू केही गर्न खोज्दै छन् । उन्नत बीउ ल्याएर तरकारी खेती गर्ने, आँप-लिचीका बिरूवा लगाउने काम थालेको, सबैमा आफ्ना लागि पनि केही गर्नुपर्छ, सधै अरूको खेती गरेर मात्र हुँदैन भन्ने चेतना पलाएको छ ।

मंजदुरी गर्नेको ज्याला पनि बढाइयो । अब त पाँच किलो नभई कोही पनि काममा जाँदैनन् । अहिलेसम्म गरेका काममध्ये सबभन्दा रमाइलो लागेको काम के हो नि ? खुसी लाग्ने काम त धेरै गरियो तर राष्ट्रिय दलित आयोगका प्रतिनिधिलाई नै आफ्नो गाउँमा ल्याएर दलितको प्रमाण-पत्र दस जनालाई वितरण गराएँ, अब दलितका कोटाबाट पाउने सुविधा प्रमाण-पत्र हुनेले सजिलै पाउन सक्छ, त्यो नै आफूले गरेको काममध्ये सबभन्दा राम्रो काम हो, भन्ने उनलाई लाग्छ रे ।

**कुराकानीको अन्त्य गर्दै भन्छन्-** 'सामाजिक परिवारको माध्यमले धेरै राम्रो काम गर्न पाएका छौं । आफ्नो गाउँमा कसैलाई पनि मानवअधिकारको उल्लङ्घन हुने काम गर्न दिंदैनौं । यसबारे धेरै पटक छलफल गरिसकेको र कसैले मानवअधिकार उल्लङ्घन गरी अरूमाथि मर्का पार्ने काम गरेमा त्यस्ता व्यक्तिलाई कानुनी कारबाही गर्न निवेदन दिने र सम्बन्धित निकायमा पुग्ने सल्लाह दिंदै आएका छौं । पहिलाभन्दा गाउँमा धेरै सुधार आएको छ । गाउँघरका झै-झगडा हामी आफै बसेर मिलाउँछौं । पहिला जस्तो जमिन्दार, पञ्च, भलादमी झिकाएर उनीहरूको पाउ परेर मालिक अन्याय भयो भन्नु पर्दैन । निकै सजिलो भएको छ, अरूको गुलामी गर्नु पर्दैन गाउँमा मिलेर बसेका छौं । दुःख-सुख बाँडेका छौं, खुसी छौं । अब त आफ्नो मालिक आफै .................!

## फागुनमा सम्पन्न क्रियाकलापहरूको विवरण

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगमन | ३१ | ५१३ | १७६ | ६८९ |
| जातीय विभेद र मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | १८ | ७०३ | २२८ | ९३१ |
| कार्यक्रम संचालन पूर्व अध्ययन | ३ | १३९ | ४९ | १८८ |
| सा.प.स्तरको अभिमुखीकरण (संस्थागत विकास) | १५६ | ३०४१ | ७८७ | ३८२४ |
| सचेतना अभियान संचालन (नागारिक/राजनैतिक अधिकारको परिपुर्ति लगायत विषयमा) | ६४ | ११४२ | २२९ | १३७१ |
| सहभागितामूलक योजना निर्माण, स्रोत मापन तथा मुद्दाहरुको पहिचान, प्राथमिकीकरण | २३ | ३०१ | २०२ | ४२१ |
| मानवअधिकारसंग सम्बन्धीत विभिन्न दिवसहरु मनाउने (राष्ट्रिय तथा अर्न्तराष्ट्रिय) | ३३ | १०७३ | ४३४ | १५०७ |
| शान्ति र सद्भावना सम्बन्धि कार्यक्रम | १० | ३२२ | ११४ | ४३६ |
| सोत साधान र अधिकारमा दावी | ७ | ११६ | ४३ | १५९ |